हरिपुर्वा नगरपालिका

# स्थानीय राजपत्र

हरिपुर्वा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः १ मितिः २०८३/०३/३१

**भाग — १**

## हरिपुर्वा नगरपालिका

## हरिपूर्वा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

**नगर सभाबाट स्वीकृत मिति २०८३।०३।३१**

**२०८३ सालको विधेयक नं. १**

**प्रस्तावनाः** हरिपूर्वा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ र २२६ को उपधारा (१) बमोजिम हरिपुर्वा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम "हरिपूर्वा नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।

हरिपुर्वा नगरपालिकाको कार्यालय

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि हरिपूर्वा नगरपालिकाको भौगोलिक क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले हरिपूर्वा नगरपालिकाको आर्थिक ऐन, २०८३ सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले हरिपूर्वा नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले हरिपूर्वा नगरपालिका सम्झनुपर्छ ।

(घ) **"फर्म"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(ङ) **"व्यक्ति"** भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) **"सभा"** भन्नाले हरिपूर्वा नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(छ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **सम्पत्ति कर** : नगरपालिकाको क्षेत्रभित्रको घर र घरले चर्चेको घरजग्गामा अनुसुची-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

४. **भूमिकर (मालपोत)**: नगरपालिकाको क्षेत्रभित्र दफा ३ बमोजिम बाहेकको अन्य जग्गामा अनुसूचि-२ बमोजिमको भूमिकर (मालपोत असूल उपर गरिनेछ ।

५. **घर जग्गा बहाल कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुची-३ बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

६. **व्यवसाय कर**: नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

७. **बहाल बिटौरी शुल्क**: नगरपालिकाको क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची-५ उल्लेखित हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुले उपर गरिनेछ ।

८. **पार्किङ शुल्क**: नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत अनुसूची ६ पार्किङ शुल्क असूल उपर गरिनेछ ।

९. **जडीबुटी, कबाडी र जीवजन्तु कर**: नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कबाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसुची-७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **सवारी साधन कर**: नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा अनुसुची-८ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

११. **विज्ञापन कर**: नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ९ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **सेवाशुल्क, दस्तुर र जरिवानाः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको एवं अनुमतीविना नगरपालिका क्षेत्रमा कार्य गरेमा अनुसूची १० बमोजिम शुल्क, दस्तुर र जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

१३. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायीत्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट हुने छैन। तर नगर कार्यपालिकाको निर्णयले कुनै शीर्षकमा तोकिएको करको २० प्रतिशत सम्म छुट दिन सक्ने छ ।

१४. **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१५. **अन्य व्यवस्थाः** नगरपालिकाले विषयगत शाखा, वडा लगायत कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर वा जरिवानालाई सेवासँग आवद्ध गरी असुल उपर गर्नु पर्नेछ ।

१६. **ऐन बमोजिम भए गरेको मानिनेः** यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ

१७. **नियम, कार्यविधि बनाउन सक्नेः** नगरपालिकाले यस विधेकमा भएका व्यवस्थालाइ कार्यान्वयन गर्न अवश्यक नियमावली बनाइ लागु गर्न सक्नेछ ।

१८. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमोजिम र उल्लेख नभएकाको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने सम्पति करको दर

**१. सम्पत्ति करः**

| क्र.सं | कर योग्य सम्पतिको मुल्य | आगामी आ.व.२०८३/०८४ (वार्षिक) |
|---|---|---|
| १. | ५ लाख सम्म | नलाग्ने |
| २. | रु.१० लाख सम्म | रु ३०० |
| ३. | रु.३० लाख सम्म | ०.०५ प्रतिशत |
| ४. | रु.५० लाख सम्म | ०.२५ प्रतिशत |
| ५. | रु.१ करोड सम्म | ०.५० प्रतिशत |
| ६. | रु.१ करोड भन्दा माथि सबैको | १.५ प्रतिशत |

**२. आय प्रमाणितः**

| क्र.सं | कर योग्य सम्पतिको मुल्य | आगामी आ.व.२०८३/०८४ (वार्षिक) |
|---|---|---|
| १. | आय प्रमाणित रु ५,००,०००/- सम्मको | ५०० |
| २. | ५ लाख देखि १५ लाख सम्म | ७०० |
| ३. | १५ लाख देखि २५ लाख सम्म | १००० |
| ४. | २५ लाख देखि३५ लाख सम्म | १२०० |
| ५. | ३५ लाख देखि ५० लाख सम्म | १५०० |
| ६. | ५० लाख देखि७० लाख सम्म | २००० |
| ७. | ७० लाख देखि १ करोड सम्म | ३००० |
| ८. | १ करोड १ देखि १ करोड ५० लाख सम्म | ४५०० |
| ९. | १ करोड ५० लाख देखि २ करोड सम्म | ५००० |
| १०. | २ करोड भन्दा माथि सबै | ६१०० |
| ११. | अचल सम्पत्ति मूल्याङ्कन | ०.०५० प्रतिशत |

***द्रष्टव्य :*** नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको मूल्यनिर्धारण गर्दा चालु आर्थिक वर्षमा मालपोत कार्यालय हरिपुर्वाले लिखत(रजिष्ट्रेशन) पारितको लागि कायम गरेको मुल्यलाई नै आधार मानि सम्पति कर असुल गरिनेछ।

**अनुसूची-२**

(दफा ४ सँग सम्बन्धित)

**आ.व. २०८३/०८४ मा लागु हुने भूमिकर : मालपोत**

**भूमिकर :** मालपोत (संघ संस्था समेतको)

| क्र.स. | शिर्षक विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | न्यूतम ० देखि १ विगाहा सम्म प्रति कट्टा | ५ | खेती योग्य जमिन |
| २. | १ विगाहा भन्दा माथी जति भए पनि प्रति कट्टा | १० | खेती योग्य जमिन |
| ३. | घरघडेरी न्यूतम ५ धुर सम्म | २५ | आवासीय जमिन |
| ४. | ५ धुर देखि १० धुर सम्म प्रति धुर सडक सुविधा भएको आवासीय जमिन | रु.३०/२०/१० | कालो पत्रे प्रति धुरः ३०, ढलान, २०र ग्रेबलबाटो १० |
| ५. | १० धुर देखि १ कठ्ठा प्रतिधुर | २० | आवासीय जमिन |
| ६. | १ कट्ठा माथी प्रतिधुर | २० | आवासीय जमिन |
| ७. | सरकारी तथा संघसंस्थाको हकमा प्रति कट्टा | २५ | आवासीय जमिन |

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**अनुसूची-३**

(दफा ५ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने घरबहाल करको दर

**घरबहाल करको दर**

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा

क) **बहाल कर :**

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १. | लिने दिने बीचको सम्झौता बमोजिमको बहाल रकमको | १०% |

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने व्यवसाय करको दर

**व्यवसाय करको दर**

(हरिपूर्वा नगरपालिकाले नगरपालिकाको भौगोलिक क्षेत्रभित्र तपसिल बमोजिमको व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाइनेछ ।)

| सि.नं. | विवरण | ब्यबसाय दर्ता स्वीकृत दर रेट | नबिकरण |
|---|---|---|---|
| १ | **बियर,मदिरा तथा अन्य पिय पर्दाय** | | |
| | बियर, कोर्ल्ड ड्रिङ्क्स डिलर संचालन | २००० | १००० |
| | बियर,मदिरा, कोल्ड ड्रिङ्क्स डिलर | ५००० | २००० |
| | बियर,मदिरा, कोर्ल्ड ड्रिङ्क्स डिलर खुद्रा | २००० | १००० |
| २ | **सुन,चादी,गहना पसल तर्फ** | | |
| | सुन, चादी, गहना पसल ठूलो | ३००० | १००० |
| | सुन, चादी, गहना पसल सानो | १००० | ५०० |
| ३ | **निमार्ण सामाग्री, तर्फ** | | |
| | हार्डवेयर पसल, ठुलो | ३००० | १००० |
| | हार्डवेयर पसल, सानो | २००० | ५०० |
| | कम्प्युटर सामान, क्यामेरा, टेलिभिजन, रेडियो, मोवाइल पसल | २००० | ५०० |
| | विद्युत तथा इलेक्ट्रोनिक सामान, | १५०० | ५०० |
| | मोटर पार्टस | २००० | ५०० |
| | फ्रेमिङ हाउस, सिसा पसल, | ५०० | ३०० |
| ४ | **खाद्यान्न तथा किराना पसल तर्फ** | | |
| | खाद्यान्न तथा किराना पसल ठुलो | १००० | ५०० |
| | खाद्यान्न तथा किराना पसल सानो | ५०० | ३०० |
| | किराना पसल | ३०० | १०० |
| | घुम्ती पसल | २०० | निशुल्क |
| ५ | **लत्ता कपडा जुत्ता चप्पल समेत** | | |
| | थान कपडा, रेडिमेड कपडाको थोक तथा खुद्रा संयुक्त जुत्ता चप्पल समेत | २००० | |
| | जुत्ता तथा चप्पल पसल | १००० | |

| | | | |
|---|---|---|---|
| | रेडिमेड कपड़ा तथा जुत्ता चप्पल | १५०० | |
| | जुत्ता चप्पल मर्मत पसल | १०० | |
| | जुत्ता चप्पल थोक | १५०० | |
| | थान कपडा पसल | १००० | |
| ६ | **फेन्सी तथा श्रृङ्गार पसल तर्फ** | | |
| | फेन्सि तथा श्रृङ्गार पसल ठुलो | १५०० | |
| | फेन्सि तथा श्रृङ्गार पसल सानो | १००० | |
| | ब्युटि पार्लर | ५०० | |
| | सैलुन | ५०० | |
| | फेन्सि तथा ब्युटि पार्लर | ७०० | |
| | ड्राइ क्लिनेस | ५०० | |
| ७ | **स्टेसनरी तर्फ** | | |
| | पुस्तक पसल | १००० | |
| | पुस्तक पसल तथा स्टेसनरी | १००० | |
| | फोटो कपि सेन्टर | ५०० | |
| | फोटो स्टुडियो तथा फोटो कपि सेन्टर | १००० | |
| | पुस्तक पसल तथा फोटो कपि सेन्टर | १००० | |
| ८ | **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा शुल्क** | | |
| | चिकित्सक | १५०० | |
| | कविराज | ५०० | |
| | इन्जिनियर | १५०० | |
| | कानून व्यवसायी | १००० | |
| | लेखा परीक्षक | १००० | ५०० |
| | लेखापढी व्यवसाय | १००० | ५०० |
| | दन्त चिकित्सक | ५०० | |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता | १५०० | |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५०० | |
| | वीमा एजेन्ट | १००० | |
| | सर्भेयर | १००० | |
| | अनुवादक | ५०० | |
| | पशु चिकित्सक | १००० | |

| | | | |
|---|---|---|---|
| | शेयर दलाल | १००० | |
| | सामान ढुवानीकर्ता तथा कम्पनी | १००० | |
| | संस्थागत पेन्टर | ५०० | |
| ९ | **निर्माण व्यवसायी तर्फ** | | |
| | सेवा प्रदायक संस्था(कन्सलटेण्ड) | ३००० | |
| | घ वर्ग ठेकेदार | १५००० | प्रमाणपत्र दस्तुर |
| | ईजाजतपत्र नवीकरण दस्तुर ( म्याद कटेको ३ महिना सम्म) | ५००० | नबिकरण |
| | ईजाजतपत्र नवीकरण थप दस्तुर (आ.ब सकिएमा प्रत्येक बर्षको | १००० | |
| | ईजाजतपत्र प्रतिलिपी दस्तुर | १००० | |
| | उपभोक्ता समिति दर्ता | ५०० | |
| | उपभोक्ता समिति नबिकरण शुल्क | ३०० | |
| १० | **उत्पादन मूलक उद्योग तर्फ** | | |
| | कागज उद्योग दर्ता शुल्क | १००० | |
| | मशला उद्योग | १००० | |
| | बिस्कुट तथा पाउरोटी उद्योग | १००० | |
| | बासँ जन्य उद्योग | ५०० | |
| | जुत्ता चप्पल बनाउने उद्योग | २००० | |
| | फलामको ग्रिल उद्योग | १००० | |
| | सावुन उद्योग | २५०० | |
| ११ | **पशु आहारा उद्योग** | | |
| | पशु पन्छी आहारा उद्योग | १५०० | |
| | पशुपन्छी आहारा विक्री केन्द्र | १००० | |
| १२ | **घरेलु तथा कुटिर उद्योग** | | |
| | अगरबत्ती उद्योग | १००० | |
| | मैनवती उद्योग | १००० | |
| | दालमोठ उद्योग | १००० | |
| | टिकी उद्योग | १००० | |
| | अचार उद्योग | १००० | |
| | अन्य कुटिर उद्योग | १००० | |

| | | | |
|---|---|---|---|
| १३ | **कपडा तथा गारमेन्ट उद्योग** | | |
| | सिरक डसना उद्योग | २००० | |
| १४ | **छाता सलाई उद्योग** | | |
| | सलाई उद्योग | २००० | |
| | छाता उद्योग | १००० | |
| १५ | **पेय पदार्थ उत्पादन उद्योग** | | |
| | मिनेरल वटर उद्योग | ३००० | |
| | सोडा उद्योग | १००० | |
| १६ | **भाँडा उद्योग** | | |
| | काँस, तामा, पित्तल भाँडा उद्योग | २५०० | |
| | अल्मुनियम भाँडा उद्योग | २००० | |
| | प्लाष्टिक भाँडा उद्योग | १५०० | |
| | टिक बाकस,बाल्टी, ड्रम, स्टोप उद्योग | १००० | |
| १७ | **दुध डेरी** | | |
| | डेरी उद्योग तथा विक्री पसल | १००० | |
| | दुध जन्य पदार्थ विक्री | ५०० | |
| १८ | **उर्जा तर्फ** | | |
| | ग्यास डिलर | २००० | |
| १९ | **कृषि तथा वनजन्य उद्योगः** | | |
| | सेलर मिल | १००० | ३०० |
| | कुटानी, पेलानी मिल होलर समेत | ५०० | २०० |
| | काठ चिरानी स-मिल | ३००० | १००० |
| | चिउरा मिल | ५०० | ३०० |
| | तोरी तेल मिल | ५०० | ३०० |
| | खसी मासु पसल | १००० | ५०० |
| | कुखुरा मासु पसल | ७०० | ३०० |
| २४ | **सेवा उद्योग तर्फ** | | |
| | डिस होम सप्लार्यस | २००० | |
| | केवल नेटर्वक संचालन | १००० | |
| | नेट सप्लायर्स | २००० | १००० |
| | फोटो स्टडियो | ५०० | ३०० |

| | | | |
|---|---|---|---|
| २५ | **संचार सेवा :** | | |
| | पत्रपत्रिका छपाई तथा प्रकाशन | १००० | ५०० |
| | दूर संचार टावर राख्ने अनुमति पत्र | ५००० | |
| | दुर संचार टावर राख्न दिए वापत धनीलाई लाग्ने कर | १०% | |
| २६ | **वित्तिय सेवा :** | | |
| | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक, | १५००० | ५००० |
| | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय दर | ५००० | २००० |
| | वित्तीय कम्पनी शाखा कार्यालय | ५००० | २५०० |
| | वीमा कम्पनी | ५००० | |
| | बचत तथा ऋण सहकारी संस्था विस लाख सम्मका  दर्ता शुल्क | ५१०० | |
| | बचत तथा ऋण सहकारी संस्था बिस लाख देखि पचास लाख | ८००० | |
| | बचत तथा ऋण सहकारी संस्था पचास लाख भन्दा माथी | १०००० | |
| | अन्य सहकारी (कृषि, महिला) | २००० | |
| २७ | **स्वास्थ्य सेवाः  दर्ता तथा नवीकरण** | | |
| | औषधी पसल | २५०० | १५०० |
| | पशु औषधी पसल | १००० | ५०० |
| | क्लिनिक तथा औषधी पसल | ५००० | १००० |
| | गैह्रसरकारी अस्पताल | प्रति बेड ४००० | ५००० |
| | नर्सिङ्ग होम | १०००० | |
| | क्लिनिक तथा ल्याव | ५००० | |
| | आयुर्वेधिक औषधी पसल | २००० | १००० |
| | डेण्टल क्लिनिक | १००० | ५०० |
| | आखाँ क्लिनिक तथा चश्मा घर | १००० | ५०० |
| | चश्मा घर | १००० | |
| २८ | **कृषि फर्म दर्ता र वार्षिक कर** | | |
| | पोल्ट्री फर्म ठूलो | २००० | ५०० |
| | पोल्ट्री फर्म सानो | ५०० | ३०० |
| | कृषि फर्म | १५०० | ५०० |
| | कृषि फर्म पशुपालन समेत | २००० | १००० |

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| २९ | **निजि शैक्षिक संस्था दर्ता** | | |
| | क्याम्पस/ १२ कक्षा संचालन हुने माध्यमिक विद्यालय | ३००० | २००० |
| | माध्यमिक विद्यालय | २००० | १००० |
| | आधारभूत विद्यालय कक्षा ८ सम्म पढाइ हुने | १५०० | १००० |
| | आधारभूत विद्यालय कक्षा ५ सम्म पढाइ हुने / मन्टेश्वरी | १००० | ५०० |
| | छात्र छात्रावास | १५०० | १००० |
| | ट्यूसन सेन्टर | १५०० | १००० |
| | विभिन्न खाले शिपमूलक तालिम तथा प्रशिक्षाण केन्द्र तथा इन्स्टिच्यूट | २००० | १००० |
| | एजुकेशन कन्सल्टेन्सी | २००० | १००० |

***द्रष्टव्यः***

१. पूँजी लगानीको आधारमा रु.३ लाख सम्मको व्यवसायलाई "ग" वर्ग, १० लाख सम्मलाई "ख" वर्ग र सोभन्दा माथिलाई "क" वर्ग मानिनेछ।

२. दर्ता, नवीकरण दस्तुर उल्लेख नभएका नगरपालिका क्षेत्रभित्र संचालित वा संचालन गरिने उल्लेखित व्यवसायहरू नगरपालिकामा दर्ता र नवीकरण गरेर मात्र संचालन गर्न सकिनेछ । यस आ.व. मा उल्लेखित कर बाहेक "क" वर्गको व्यवसाय दर्ता र नवीकरण रु.२०००, “ख” वर्गको को लागि दर्ता र नवीकरण रु. १०००। र "ग" वर्गको व्यवसाय दर्ताको लागि दर्ता र नवीकरण रु. ५००।

३. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरूलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म दर्ता शुल्क र व्यवसाय कर लिने ।

४. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसाय कर तिरी नवीकरण दस्तुर तिरेर नवीकरण गर्नु पर्नेछ।

५. यस अनुसूचीमा भएको व्यवस्था बाहेक निजी स्वास्थ्य संस्था दर्ता नवीकरण इजाजतको लागि नगरपालिकाबाट जारी भएको कार्यविधि वा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

**पुनश्चः** यसमा उल्लेखित व्यवसाय वाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ । वातावरण प्रदृशण कायम गर्ने उद्योगहरूको हकमा उद्योगसँग आपसी सहमतिमा निश्चित रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ ।

## अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने बहाल विटौरी शुल्कको दर

**बहाल विटौरी करको दर रेट**

(नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरे वापत निम्नानुसारको शुल्क लाग्ने छ ।)

**क) सार्वजनिक, ऐलानी जग्गा र सरकारी संरचना उपयोग :**

| सि.नं. | विवरण | मासिक रकम |
|---|---|---|
| | सरकारी संरचना, सार्वजनिक, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल कोठा ठेला गाडी | २००० |
| | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | २०० |
| | कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठ्ठा | ५० |
| | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | २५ |

**ख) विटौरी कर**

| | विटौरी कर | रकम |
|---|---|---|
| | प्रति वर्ग फिट (प्रति महिना) | १० |

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**अनुसूची-६**

(दफा ८ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने पार्किङ शुल्कको दर निःशुल्क गरिएको छ।

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## अनुसूची-७

(दफा ९ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने जडीबुटी, कबाडी र जीवजन्तु करको दर

**जडीबुटी, कबाडी र जीवजन्तु करको दर**

| सि.नं. | विवरण | प्रति के.जी रु. |
|---|---|---|
| | जडिबुटी | १ |
| | कवाडी मालसामान प्रति ट्रक | १००० |
| | कवाडी मालसामान प्रति ट्याक्टर | ३०० |
| | | |

**अनुसूची-८**

(दफा १० सँग सम्बन्धित)

आ.व. **२०८३/०८४** मा लागु हुने सवारी साधन करको दर नगरपालिका क्षेत्रभित्र संचालन हुन सवारी साधनको वार्षिक सवारी कर प्रदेश कानुन बमोजिम हुनेछ ।

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**अनुसूची-९**

(दफा ११सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने विज्ञापन करको दर

**विज्ञापन कर**

| सि.नं. | विवरण | प्रति विज्ञापन रकम |
|---|---|---|
| १. | नगरपालकिा क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा राखिएको होर्डिङ बोर्ड प्रति वर्ग फिट (सूर्तिजन्य तथा मदीरा जन्य) | १५० |
| २. | नगरपालका क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा भित्तेलेखन प्रति वर्ग फिट (सूर्तिजन्य तथा मदीरा जन्य) | ५० |
| ३. | नगरपालका क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा राखिएको होर्डिङ बोर्ड प्रति वर्ग फिट | ४० |
| ४. | नगरपालका क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा भित्तेलेखन प्रति वर्ग फिट | २५ |
| ५. | डि.पि.एस. बोर्ड प्रति वर्ग फिट | ३० |
| ६. | ग्लो साइन बोर्ड, 2D र 3D बोर्ड | ५० |
| ७. | तुल, व्यानर, गेट आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ५० |
| ८. | स्टीकर, पोष्टर, फ्रेन्जर प्रति वर्ग फिट | १५० |



हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**अनुसूची-१०**

(दफा १२ सँग सम्बन्धित)

आ.व. २०८३/०८४ मा लागु हुने सिफारिस, निवेदन, दर्ता, नवीकरण तथा सेवा शुल्क आदि

**१. सिफारिस, निवेदन, दर्ता, नवीकरण तथा सेवा शुल्कः**

| क्र.स. | शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| १. | सबै किसिमको कागजातको , प्रमाणित प्रतिलिपि | १० | |
| २. | साध सिमाना प्रमाणित सडक क्षेत्र | १०० | |
| ३. | नागरिकता सिफारिस | **निशुल्क** | |
| ४. | नागरिकताको प्रतिलिपी सिफारिस । | **निशुल्क** | |
| ५. | अङ्गिकृत नागरिकता सिफारीस | **निशुल्क** | |
| ६. | नागरिकता सर्जमिन | **निशुल्क** | |
| ७. | घरजग्गा नामसारी सिफारीस | **निशुल्क** | |
| ८. | मोही लगत कट्टा सिफारीस | **निशुल्क** | |
| ९. | छात्रवृत्ति सिफारीस । | **निशुल्क** | |
| १०. | अस्थायी बसोबास प्रमाणित | **निशुल्क** | |
| ११. | स्थायी बसोबास प्रमाणित | **निशुल्क** | |
| १२. | वडा प्रमाणित | **निशुल्क** | |
| १३. | आर्थिक सम्पन्नता सिफारीस | **निशुल्क** | |
| १४. | आर्थिक विपन्नता सिफारीस | **निशुल्क** | |
| १५. | जिवित रहेको सिफारीस | **निशुल्क** | |
| १६. | दुई नाम थर प्रमाणित | **निशुल्क** | |
| १७. | जग्गाको नाम,थर संसोधन सिफारीस | **निशुल्क** | |
| १८. | नक्सा पास, नाम सारी कच्ची | **निशुल्क** | |
| १९. | नाम,थर संसोधन सिफारिस | **निशुल्क** | |
| २०. | नाम,थर संसोधन सजिमिन | **निशुल्क** | |
| २१. | घर निर्माण सम्पन्न प्रतिवेदन पक्की | **निशुल्क** | |
| २२. | घर निर्माण सम्पन्न प्रतिवेदन कच्ची | **निशुल्क** | |
| २३. | घर कायम पक्की | **निशुल्क** | |
| २४. | घर कायम कच्ची | **निशुल्क** | |
| २५. | अस्थायी टहरा निर्माण | **निशुल्क** | |
| २६. | छुट जग्गा दर्ता सिफारिस | **निशुल्क** | |

हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| २७. | धारा, विजुली जडान सिफारिस | **निशुल्क** | |
| २८. | आचरण सम्बन्धी सिफारीस । | **निशुल्क** | |
| २९. | बसाई सराई दर्ता बिलम्व  सेवा शुल्क | २०० | |
| ३०. | अनलाईन घटना  डिजिटाइजेशन | २०० | |
| ३१. | विवाह दर्ता  बिलम्ब सेवा शुल्क | २०० | |
| ३२. | विवाह प्रमाणित | १०० | |
| ३३. | जन्म दर्ता  बिलम्व सेवा शुल्क | २०० | |
| ३४. | मृत्यू दर्ता बिलम्व सेवा शुल्क | २०० | |
| ३५. | घटना दर्ता प्रतिलिपि | ५०० | |
| ३६. | सडक दुरी प्रमाणित | १०० | |
| ३७. | जन्म प्रमाणित | १०० | |
| ३८. | जन्म मिति संसोधन सिफारीस | ५० | |
| ३९. | कम्पनी।फर्म दर्ता सिफारिस शुल्क | ३०० | |
| ४०. | सम्बन्ध विच्छेद दार्ता | १०० | |
| ४१. | व्यवसाय बन्द सिफारीस | १०० | |
| ४२. | व्यवसाय सञ्चालन भएको सिफारीस | ३०० | |
| ४३. | कोर्ट फि मिनाहा सिफारीस | १०० | |
| ४४. | तारीक पर्चा | ५० | |
| ४५. | नावलक परिचय पत्र सिफारीस | ० | |
| ४६. | चौपाया सम्बन्धी सिफारीस | १०० | |
| ४७. | आन्तरीक बसाईसराई सिफारीस | १०० | |
| ४८. | व्यक्तिगत विवरण सिफारीस | १०० | |
| ४९. | संरक्षक सिफारीस (व्यक्तिगत) | १०० | |
| ५०. | संरक्षक सिफारीस संस्थागत | १०० | |
| ५१. | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | २०० | |
| ५२. | नाता प्रमाणित | १०० | |
| ५३. | घर पाताल प्रमाणित | १०० | |
| ५४. | कोठा खोल्ने, रोहवरमा वस्ने कार्यको सिफारीस | २०० | |
| ५५. | कागजात-मञ्जुरीनामा प्रमाणित | १०० | |
| ५६. | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ५७. | अविवाहित प्रमाणित | २०० | |

| | | | |
|---|---|---|---|
| ५८. | जग्गा छुट्याउँने निवेदन दस्तुर | १०० | |
| ५९. | मुद्धाको निवेदन दर्ता शुल्क | ५० | |
| ६०. | मिलापत्र दस्तुर (दुवै पक्षले) | १०० | |
| ६१. | घरबाटो सिफारीस | ३०० | |
| ६२. | हकभोग सिफारीस | १०० | |
| ६३. | चार किल्ला प्रमाणित | १०० | |
| ६४. | बन पैदावार लकडि निकासी प्रति ट्क्याटर | १००० | |
| ६५. | बन पैदावार लकडि निकासी प्रति ट्रक | १५०० | |
| ६६. | सामान ओसार पसार सिफारीस- | २०० | |
| ६७. | लक्षित वर्ग प्रमाणित | ५० | |
| ६८. | थ्री फेज लाईन जडान सिफारीस | १००० | |
| ६९. | आन्तरीक राजश्व कार्यालयमा सिफारीस | २०० | |
| ७०. | श्रेस्ता कार्यान्वयन सिफारीस | १०० | |
| ७१. | स्वास्थ्य सम्बन्धी सिफारीस | ५० | |
| ७२. | पारिवारीक लगत कार्ड दस्तुर | १०० | |
| ७३. | घर अभिलेखिकरण दस्तुर | १००० | |
| ७४. | कर चुक्ता सिफारीस | २०० | |
| ७५. | प्लटिङ्ग जग्गाको नक्सा प्रमाणित | २००० | |
| ७६. | न.पा.को स्वीकृति विना जग्गा प्लटिङ्ग गरेमा जरिवाना | ५००० | |
| ७७. | अंग्रजी भाषा प्रमाणित | ५०० | |
| ७८. | नाफा मुलक संस्था दर्ता | १००० | |
| ७९. | सेवा मुलक संस्था दर्ता | ५०० | |
| ८०. | निजी विद्यालय संचालन सिफारीस आधारभूत | २००० | |
| ८१. | निजी विद्यालय संचालन सिफारिस माध्यामिक | ३००० | |
| ८२. | निजी विद्यालय नाम सारी सिफारिस माध्यामिक | ३५०० | |
| ८३. | निजी विद्यालय ठाउँसारी सिफारिस माध्यामिक | ३५०० | |
| ८४. | निजि बिद्यालय दर्ता शुल्क | ५००० | |
| ८५. | मोही नामसारी | ५०० | |
| ८६. | संवन्ध विच्छेद सिफारिस | ५०० | |
| ८७. | उद्योग दर्ता सिफारिस | २००० | |
| ८८. | उद्योग ठाउँसारी सिफारिस | १००० | |

| | | | |
|---|---|---|---|
| ८९. | उद्योग नामसारी सिफारिस | ३००० | |
| ९०. | जीर्ण रुख हागाँ विगा छटनी स्विकृत | ५० | |
| ९१. | नेपाली पेन्सन पट्टा सिफारिस | २००० | |
| ९२. | भारतीय पेन्सन पट्टा सिफारिस | ५०० | |
| ९३. | अन्य मुलुकको पेन्सन पट्टा सिफारिस | १००० | |
| ९४. | अपुताली सम्बन्धी सिफारिस | ३०० | |
| ९५. | प्रतिशत कृषि तथा वन जन्य उद्योग दर्ता सिफारिस | १००० | |
| ९६. | अन्य सेवा शुल्क | १०० | |
| ९७. | प्रदेश तथा केन्द्रीय योजना सिफारिस | ५०० | |
| ९८. | नगरपालिका योजना संचालन सेवा सुल्क, | ३ प्रतिशत | |
| ९९. | उपभोक्ता समिति दर्ता शुल्क | ५०० | |
| १००. | कृषि समुह दर्ता | ५०० | |
| १०१. | कृषि समुह नबिकरण | ३०० | |
| १०२. | टोल विकास संस्था दर्ता | ५०० | |
| १०३. | बिभिन्न सामाजिक सस्था, समिति,क्लब,प्रति सुचि दर्ता | ३०० | |
| १०४. | बिभिन्न फर्म, सपलायर्स, निर्माण ब्यबसायी कम्पनीको प्रति सुची दर्ता | ५०० | |

**२. घर नक्सा पास तर्फः**

| क्र.स. | शिर्षक विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | कम्पाउण्ड वाल प्रति रनिङ्ग फिट | २ | |
| २. | पक्की घर २ तला सम्म प्रति वर्ग फुट | ७ | |
| ३. | पक्की घर ३ तला सम्म प्रति वर्ग फट | ८ | |
| ४. | फाउण्डेशन भएको ढुङ्गा ईटाको गाहो पिलर सहितको टिन / फुसको छाना भएकोप्रति वर्गफुट खप्पडा | ३ | |
| ५. | फाउण्डेशन भएको पिलर नभएको ढुङ्गा/ ईटाको गाहो र सहितको टिन फुसको छाना भएकोप्रति वर्गफुट खप्पडा | २ | |
| ६. | ढुङ्गा/ ईटाको गाहो भुई पक्कीसेन्टरबेरा टिन/फुसको वेरा भएकोप्रति वर्गफुट | २ | |
| ७. | ढुङ्गो गाहो टिनको बेरा तथा फुसको छाना भएकोप्रति वर्गफुट, खप्पडा | २ | |
| ८. | अमिन दस्तुर | ५०० | |
| ९. | भवन निर्माण दरखास्त फाराम प्रति किताब | ५०० | |



हरिपुर्वा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| १०. | घर नक्सा पास | १००० | |
| ११. | घर अभिलेखिकरण | भुई तला रु ८ प्रति बर्ग फिट र माथिल्लो तला रु ५ का दरले एकमुष्ट रकम | |
| १२. | घर निर्माण सम्पन्न प्रमाणपत्र पक्की | १००० | |
| १३. | घर निर्माण सम्पन्न प्रमाणपत्र कच्ची | ५०० | |
| १४. | नक्शा संशोधन | कायम रहेको राजश्वमा थप १० प्रतिशत | |

**३.विविध सेवा शुल्क, दस्तुर**

| क.स. | सेवा विवरण | दर रु. | |
|---|---|---|---|
| १. | डोजर भाडा | १२०० प्रति घण्टा (तेल बाहेक) | |
| २. | मधेसी, दलित आदि सिफारिस | निशुल्क | |
| ३. | लेनदेन तमसुक प्रमाणित (२०७५ पछि) | २०० | (लिने बाट १०० रदिने बाट १००) |
| ४. | लेनदेन तमसुक प्रमाणित (२०७५ अघि) | २०० | (लिने बाट १०० रदिने बाट १००) |
| ५. | न्यायिक समितिमा उजुरी दर्ता | २०० | |
| ६. | न्यायिक समितिमा फैसलाको प्रतिलिपि | ५० | |
| ७. | नगरपालिकाबाट संस्था दर्ता, नवीकरण सिफारिस दस्तुर र संस्था दर्ता सिफारिस | ५०० | |
| ८. | उद्योग दर्ता तथा नवीकरण सिफारिस | ५०० | |
| ९. | कृषि तथा पशुपक्षी फर्म दर्ता सिफारिस | ५०० | |
| १०. | अनुमती विना नदीजन्य पदार्थ उत्खनन र ढुवानी गरेमा | ट्र्याक्टर १००० मिनिट्रक २००० टिपर ४००० JCB/EXCAVATOR १०००० | |

**यस अनुसूचीमा उल्लेख नभएको कुनै सेवाको हकमा रु. ५००। सेवा शुल्क वा दस्तुर लाग्नेछ ।**

**आज्ञाले,**
**जगदीश अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**